# HM Treasury (UK) को प्राविधिक सहयोगमा कार्यक्रम सम्पन्न

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय तथा वित्तीय जानकारी इकाईको समन्वय तथा HM Treasury, UK को प्राविधिक सहयोगमा मिति २०८२ जेठ १९ र २० गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको हल, सिंहदरबारमा दुई दिने छलफल/अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी नेपालको पारस्परिक मूल्याङ्कन प्रतिवेदन, २०२३ को सुझाव बमोजिम नेपालले कार्यान्वयन गर्नुपर्ने थप सुधारका उपायहरु तथा फेब्रुअरी-२०२५ मा नेपाललाई Financial Action Task Force (FATF) ले 'Increased Monitoring' मा समावेश गरेपछि सोबाट बाहिरिने रणनीतिक योजनाको कार्यान्वयन सम्बन्धमा सम्बद्ध निकायहरुले निर्वाह गर्नुपर्ने भूमिका विषयमा विस्तृत छलफल तथा अन्तरक्रिया भएको थियो ।



कार्यक्रममा FATF ले नेपाललाई प्रदान गरेको Action Plan ले समेटेका विषयहरु जस्तैः जोखिम, नीति तथा समन्वय (Immediate Outcome, IO-1), जोखिममा आधारित सुपरिवेक्षण (IO-3), निरोधात्मक उपाय (IO-4), सम्पत्ति शुद्धीकरण सम्बन्धी अनुसन्धान तथा अभियोजन (IO-7), तथा जफत (IO-8) र उक्त Action Plan को कार्यान्वयन र समयसीमाको बारेमा निकायगत रुपमा भएका प्रगति तथा आगामी कार्यदिशा सम्बन्धमा छलफल भएको थियो ।

उद्घाटन सत्रमा मन्तव्य राख्दै समन्वय समितिका संयोजक तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव फणिन्द्र गौतमले कार्यक्रमको सफलताको लागि शुभकामना दिनु भएको थियो । कार्यक्रमको अन्त्यमा आयोजित समीक्षा बैठकमा मन्तव्य राख्दै नायव महान्यायाधिवक्ता संजीवराज रेग्मीले विषयसँग सम्बन्धित कार्यहरुमा सहभागी निकायहरुलाई थप प्रभावकारी बनाउन कार्यक्रम सफल भएको बताउनुभएको थियो । कार्यक्रममा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक सुमन दाहाल तथा नेपाल राष्ट्र बैंकका निर्देशक/विषयविज्ञ डा. हरि कुमार नेपालको समेत विशेष उपस्थिती रहेको थियो । इकाई प्रमूख वासुदेव भट्टराईले प्राविधिक सहयोग प्रदान गरेकोमा HM Treasury, UK Technical Assistance Unit का प्रशिक्षकहरु Ian Collins र Alison Kelly तथा सक्रिय सहभागीताका लागि सहभागीहरुलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।



कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, गृह मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, नेपाल बीमा प्राधिकरण, सहकारी विभाग, आन्तरिक राजस्व विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्था, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण, अनुसन्धान विभाग, नेपाल प्रहरी, वन तथा भू-संरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, भन्सार विभाग, कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग, फैसला कार्यान्वयन निर्देशनालय, वित्तीय जानकारी इकाई लगायतका प्रमुख नियामकीय/सुपरिवेक्षकीय निकाय, कानून कार्यान्वयन गर्ने निकाय तथा सम्बद्ध निकायहरुको प्रतिनिधित्व रहेको थियो ।